# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र ७ गते २०२८ साल

### निर्वाचन आयोगको

### सूचना

गाउँ पञ्चायत, नगर पञ्चायत तथा जिल्ला सभा सदस्यको निर्वाचनको सम्बन्धमा स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन २०२५ को दफा ५ (१), १०, १३ र २६ (२) को प्रयोजनको लागि यस आयोगले सोही ऐनको दफा ३० को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायको आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

१ (क) गाउँ पञ्चायतको मतदाताको नामावली निर्वाचन कार्यक्रमको साथ साथै गाउँ पञ्चायत कार्यालयमा सबैले देख्ने गरी प्रकाशित गरिनेछ । नगर पञ्चायतको हकमा मतदाता नामावली निर्वाचन कार्यक्रमको साथमा नगर वडा समितिको कार्यालयमा प्रकाशित गरिनेछ ।

नामावली प्रकाशन भएको मितिले कम्तीमा तेस्रो दिन नभै नामावलीमा दर्ता भएको कुनै व्यहोरा सच्याउन, छुट भएको नाम दर्ता गर्न वा नामावलीमा कसैको नाम कटाउन कुनै दावी वा विरोधको दरखास्त लिइने छैन ।

नामावलीमा कुनै दर्ता सच्याई माग्न वा छुट भएको नाम दर्ता गर्न वा कसैको नाम कटाउनको लागि दावी वा विरोधको दरखास्त दिन गाउँ पञ्चायतको हकमा कम्तीमा एक दिन र नगर पञ्चायतको हकमा कम्तीमा दुइ दिनको म्याद दिइनेछ र सो म्यादको मिति निर्वाचन-कार्यक्रममा तोकेबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



८०३

(ख) जिल्ला सभा सदस्य तथा नगर पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च पदको निर्वाचनको मतदाता नामावली सम्बन्धित गा. पं., न. पं. कार्यालयमा प्रकाशित गरिनेछ। नामावली प्रकाशित भएको कम्तीमा एकघण्टा नभै दावी विरोध लिइने छैन। दावी विरोधको लागि म्याद कम्तीमा आधा घण्टाको दिइनेछ र सो म्यादको मिति निर्वाचन कार्यक्रममा तोकेबमोजिम हुनेछ।

२ (क) गाउँ पञ्चायत र नगर पञ्चायतको निर्वाचनमा उम्मेदवारको दरखास्तको जाँच-बुझ भई सकी उम्मेदवारले नाम फिर्ता लिने म्याद समाप्त भएपछि कायम हुन आएका उम्मेदवारहरूको सूची निम्नबमोजिमको ढांचामा प्रकाशित गरिनेछ।

**उम्मेदवारको नाम प्रकाशन**

............ जिल्ला ............ गाउँ।नगर पञ्चायतका रिक्त भएको निम्नलिखित पदहरूमा निम्नलिखित व्यक्तिहरू उम्मेदवार कायम भएको सूचना प्रकाशित गरिएको छ।

| रिक्त पदको नाम वा रिक्त वडाको नंबर | उमेदवारको नाम थर (एकपदको उम्मेदवारको नाम वर्णानुक्रमले) | ठेगाना वडा नं. | उमेर | लिंग | रंग वा चिह्न | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

स्थानः–... .......  .............

मितिः–... ... ...  (पोलिंग अधिकृतको सही)

(ख) जिल्ला सभा सदस्यको निर्वाचनमा दरखास्त दर्ता गर्ने उम्मेदवारहरूमध्ये कायम हुनआएका उम्मेदवारहरूको नाम तलको ढांचामा प्रकाशित गरिनेछ।

**उम्मेदवारको नाम प्रकाशन**

जिल्लाको नाम...... गाउँ पंचायत। न.पं.को नाम..... रिक्त पदको नाम ...

| उम्मेदवारको नाम (वर्णानुक्रमले) | ठेगाना | उमेर | लिंग | कैफियत |
|---|---|---|---|---|
| | | | | |

मिति .........  ............

(पोलिंग अधिकृतको सही)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित ... हुनेछ।

८०४

३ (१) गाउँ पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च तथा गाउँ पञ्चायत र नगर पञ्चायतको वडा सदस्य पदको लागि मतपत्रको ढांचा निम्नबमोजिमको हुनेछ ।

| अघिल्लो भाग | पछिल्लो भाग |
|---|---|
| मतपत्र<br>पञ्चायतको नाम....<br>पदको नाम.......<br>पो.अ.को सही | |

(२) नगर पञ्चायतको प्रधान तथा उप-प्रधान पञ्च पदको लागि हुने निर्वाचनमा रेजा चिह्नको प्रयोग हुने तलको नमूनाको मतपत्र प्रयोग हुनेछ । मतपत्रको नमूनामा जतिसुकै कोठा लेखिए तापनि निर्वाचन अधिकृत वा पोलिंग अधिकृतले आवश्यक संख्यामा कोठा कायम राखी कोठाको संख्या थपघट गर्न सक्नेछ ।

मतपत्र

नगर पञ्चायतको प्र.पं.।उप-प्र.पं. पद पूर्तिको निर्वाचन

जिल्ला ......... को ......... नगर पञ्चायतबाट

| मत संकेत गर्ने कोठा | | उम्मेदवारको नाम (वर्णानुक्रमले) |
|---|---|---|
| ☐ | – – | श्री... ... ... ... |
| ☐ | – – | श्री... ... ... ... |
| ☐ | – – | श्री... ... ... ... |
| ☐ | – – | श्री... ... ... ... |
| ☐ | – – | श्री... ... ... ... |
| ☐ | – – | श्री... ... ... ... |

..........

(पोलिंग अधिकृतको सही)

यसको अन्तिमा मतपत्र बदर हुने अवस्था रहनेछ। गरिएपछि मात्र लागु हुनेछ।

**मत संकेत गर्ने तरीका**

आफूले रोजेको उम्मेदवारको नाम संगै रहेको यस्तो [ ] कोठामा यस्तो ( √ ) प्रकारको रेजाचिह्न दिनुपर्दछ । जस्तै [ √ ]

यसरी रेजा चिह्न लगाउँदा रेजाको कोण बिन्दु मात्र कोठाभित्र परे पनि मतपत्र सदर हुन्छ । जस्तैः– [ √ ]

(३) जिल्ला सभा सदस्यको निर्वाचनको मतपत्र तलको ढांचा बमोजिम हुनेछ । मतपत्रको नमूनामा जतिसुकै कोठा लेखिए तापनि निर्वाचन अधिकृत वा पोलिंग अधिकृतले आवश्यक संख्यामा कोठा कायम राखी कोठाको संख्या थपघट गर्न सक्नेछ ।

**मतपत्र**

**जिल्ला सभा सदस्य पद पूर्तिको निर्वाचन**

जिल्ला .......... को ........ गाउँ।नगर पञ्चायतबाट

| मत संकेत गर्ने कोठा | उम्मेदवारको नाम (वर्णानुक्रमले) |
|---|---|
| [ ] | ––– श्री... ... ... ... |
| [ ] | ––– श्री... ... ... ... |
| [ ] | ––– श्री... ... ... ... |
| [ ] | ––– श्री... ... ... ... |

.........

(पोलिंग अधिकृतको सही)

यसको अन्तिमा मतपत्र बदर हुने अवस्था रहनेछ ।

मात्र लागु हुनेछ।

## मत संकेत गर्ने तरीका

आफूले रोजेको उम्मेदवारको नाम संगै रहेको यस्तो ☐ कोठामा

यस्तो ( ✓ ) प्रकारको रेजा चिह्न दिनु पर्दछ । जस्तैः— ☑

यसरी रेजा चिह्न लगाउँदा रेजाको कोण बिन्दु मात्र कोठाभित्र परे पनि

मतपत्र सदर हुन्छ । जस्तै :— ☐✓

४. गाउँ पञ्चायत, नगर पञ्चायत तथा जिल्ला सभाको निर्वाचन सम्बन्धी कागज हेर्न वा नक्कल लिन चाहेमा देहायको दस्तूर तिरी कागज हेर्न वा त्यसको नक्कल लिन सकिनेछ ।

(क) कागज हेर्नसम्म चाहेमा रू. १।— को टिकट टांसेको दरखास्त दर्ता गरी कागज जिम्मा लिएको व्यक्तिको रोहवरमा हेर्न सक्नेछ ।

(ख) नक्कल सारी लिन चाहेमा प्रति नक्कलको रू. एक— १।—

५. मिति ०२७।९।६ को नेपाल राजपत्र भाग ३ मा र मिति २०२७।११।२४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस सम्बन्धी यस आयोगको सूचनाहरू खारेज गरिएका छन् ।

आज्ञाले—
लक्ष्मणप्रसाद रिमाल
निर्वाचन आयोगको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।